नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयनवराजपुर ,

# स्थानीय राजपत्र

खण्डः३ संख्याः३, नवराजपुर मितिः२०८१/१२/०४

**भाग २**
**नवराजपुर गाउँपालिका**

## पोषण समूह गठन, पुनर्गठन, नविकरण र व्यवस्थापन कार्यविधि-२०८१

स्वीकृत मितिः२०८१/०७/२१

## पोषण समूह गठन, पूनर्गठन, नविकरण र ब्यवस्थापन निर्देशिका, २०८१

**प्रस्तावना** : पोषण सुधारको दृष्टिकोणले हजार दिनको अवधिलाई महत्वपुर्ण समयको रुपमा लिइन्छ । यहि कुरालाई मध्यनजर गर्दै पोषण समूहहरुको समुचित प्रयोग गरी पोषण क्षेत्रको समष्ठिगत विकासमा सकारात्मक प्रभावको लागी तत्काल संम्बोधन गर्न समय सापेक्ष बैधानिक मार्गदर्शन आवश्यक्ता महसुस भएकोले पोषण समूहलाई प्रभावकारी एवं समन्वयात्मक रुपमा संचालन गर्न पोषण क्षेत्रमा संलग्न निकायहरुको काम कार्वाहीलाई प्रक्रियागत रुपमा अझ बढी प्रभावकारी एवं समन्वयात्मक तवरले गर्न गराउन आवश्यक भएकोले (स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उप दफा (झ) को १ र २ ले दिएको अधिकार प्रयोग गरी **नवराजपुर** गाउँकार्यपालिकाको कार्यालयबाट यो निर्देशिका जारी गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. नाम र प्रारम्भ** : (१)यो निर्देशिका **नवराजपुर** गाउँपालिकाको पोषण समूह गठन, पूनर्गठन, नविकरण तथा व्यावस्थापन निर्देशिका, २०८१ रहेको छ ।

(२) यो निर्देशिका **नवराजपुर** गाउँपालिका, गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "पोषण" भन्नाले पोषक तत्वहरु र शरीर बिचको अन्तर सम्बन्धको अध्ययन गर्ने विज्ञान जनाउदछ ।

(ख) "पोषण समूह" भन्नाले हजार दिन भित्रका अवधिमा पर्ने गर्भवती,सुत्केरी र २ वर्ष मुनिका बच्चा भएका महिला र अन्य प्रजनन उमेर समुहका महिला,किशोरी संलग्न भई मिल्दा जुल्दा समस्या आवस्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी ब्याक्तिहरु मिलि सामुहिक प्रयत्नद्धारा पोषण क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न बनाईएको संगठनलाई सम्झनु पर्छ ।

(ग) "कार्य समिति" भन्नाले निर्देशिका अनुसार निर्वाचित अध्यक्ष, उपाध्याक्ष, सचिव, सह सचिव, काषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले संविधान कमोजिम स्थापना भएका गाउँपालिकाल सम्झनु पर्दछ ।

(ङ)"लेखा"भन्नाले प्रचलित कानुन बमोजिम कारोबारको यथार्थ बिबरण देखिने गरी राखिने अभिलेख, खाता,किताव आदी र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजातलाई समेत जनाउँदछ ।

(च) "वडा"भन्नाले गाउँपालिकाको वडा सम्झनु पर्दछ ।

(छ) "समूह विधान भन्नाले समूहको उद्देश्य प्राप्तीका लागी क्रियाकलाप संचालन गर्न बनाईएको नियमलाई सम्झनु पर्दछ ।

(ज) "स्थानीय तह" भन्नाले **नवराजपुर** गाउँपालिका सम्झनु पर्दछ ।

(झ)"हितकोष" भन्नाले कुनै पनि नगद, जिन्सी तथा भौतिक सरसामान नगद मौज्दात, ऋण लगानी, लगानीको रुपमा रहेको समूहको नगद पुँजिलाई हितकोष जनाउदछ ।

(ञ) "हितकोष परिचालन" भन्नाले संकलित हितकोषलाई उत्पादनमुलक कार्यमा लगानी गर्ने कार्यलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य** : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) प्रत्यक्ष रुपमा पोषण लक्षित वर्गमा पर्ने महिलाहरु आबद्ध समूहको समन्वय, ब्यास्थापन गर्नको लागी सहयोग पुर्‍याउने ।

(ख) पोषण समूहको गठन र संचालनको लागी नियम सम्बन्धी कार्यमा सहयोग पर्याउने ।

(ग) पोषण समूहको गठन र सञ्चालनको लागी आवश्यक मापदण्ड र प्रक्रियाको मार्गर्शन गर्ने ।

(घ) हितकोष व्यवस्थापन तथा परिचालन गर्न स्पष्ट निर्देशन दिने ।

(ङ) पोषण समूह गठन तथा परिचालन कार्यमा संलग्न निकाय र व्यक्ति भूमिका र जिम्वेवारी तोक्ने ।

(च) पोषण समूह ब्यावस्तापन, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई बिकास गर्ने ।

**४. निर्देशिकाको प्रयोग गर्नु पर्ने अवस्था :** यस निर्देशिकाको प्रयोग देहायका अवस्थामा गर्नुपर्ने छ ।

(क) पोषण क्षेत्रमा संलग्न निकायहरुको कामकारबाहीलाई प्रक्रियागत रुपमा

प्रभावकारी एवं समन्वयात्मक तवरले गरी सुशासन लागु गर्नु पर्ने अवस्थामा,

(ख) सरकारी तथा गैर-सरकारी निकायहरुबाट पोषण तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्नको  लागी समूह गठन तथा ब्यावस्थापन गर्नु पर्ने अवस्थामा,

(ग) प्रत्यक्ष रुपमा पोषण लक्षित वर्गमा पर्ने महिलाहरु आबद्ध समूहहरुको समन्वय,ब्यावस्थापन र नियमन गर्नुपर्ने अवस्थामा,

(घ) समूहको योजना तर्जुमा गर्नु पर्ने अवस्थामा,

(ङ) समूहको हितकोष संचालन तथा परिचालन गर्नु पर्ने अवस्थामा,

(च) समूहमा लेखा ब्यावस्थापन गर्नु पर्ने अवस्थामा,

(छ) समूहमा मतभेद ब्यावस्थापन गर्नुपर्ने अवस्थामा,

(ज) बिभिन्न सरोकारवाला पक्षहरुको भूमिका र जिम्मेवारी तोक्नुपर्ने अवस्थामा।

## परिच्छेद-२

## पोषण समूह गठनका आधारहरु, सदस्यहरुको छनौट र समूहको बर्गीकरण

**५. गठनका आधार :** स्थानीय निकायको आर्थिक विकास शाखा अन्तर्गत स्वास्थ्य शाखा/इकाईले पोषण समूह गठन गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछ ।

(क) पोषण लक्षित वर्गमा पर्ने महिलाहरुको आवश्यकता र स्थानबिशेषको पोषण व्यबहार परिवर्तनको सम्भाब्यता,

(ख) सेवा पुऱ्याउनु पर्ने घरधुरी संख्या र महिलाको संख्या,

(ग) महिलाको आर्थिक, सामाजिक स्थिति र श्रोतसाधनको अवस्था,

(घ) पोषण समूहमा बिभिन्न वर्गका महिलाहरुको प्रतिनिधित्वको सुनिश्चितता,

(ङ) समूहमा आबद्ध गराउन वास्तविक महिलाहरुको सुनिश्चितता,र छनौट ।

**६. सदस्यहरुको छनौट गर्दा ध्यान दिनुपर्ने :**

(१) पोषण समूहका लागि सदस्यहरुको छनौट गर्दा देहायका कुराहरुमा ध्यान दिनु पर्दछ ।

(क) साझा कार्य उद्देश्य लिएका,

(ख) सामाजिक एंव आर्थिक स्तर एकरुपता भएका,

(ग) सकभर साक्षर एवं शैक्षिकस्तरमा समानता भएका,

(घ) समूहगत कार्यमा समय दिन सक्ने ।

(ङ) एउटै समुदाय वा स्थानमा बसोबास गर्ने ।

(च) पोषणको लक्षित वर्गको रुपमा रहेको ।

(२) एकाघरको एक जना भन्दा बढी सदस्य एउटै समूहमा सदस्यता लिन सक्नेछन ।

(३) कुनै एक समूहमा आबद्ध भई सकेको सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आवद्ध हुन सक्ने छैन ।

**७. समूहको वर्गिकरण :** समूहका सदस्यहरुको लैंगिक सहभागीता, समूहले निश्चित गरेको क्षेत्रगत आधार साथै बिभिन्न कार्यक्रमको आधारमा पोषण समूहलाई देहाय समूहहरुमा बर्गिकरण गर्न सकिनेछ ।

**(१) क्षेत्रगत तथा कार्यक्रमको आधारमा**

(क) पोषण आमा समूह

## परिच्छेद -३

## समूह गठन प्रक्रिया ,कार्य समिती संरचना र पदाधिकारी जिम्मेवारी

**८. समूह गठन प्रक्रिया** : पोषण समूह गठन तथा व्यवस्थापना गर्दा देहाय वमोजिम अवलम्वन गनुपर्ने छ ।

**पोषण समूह गठन तथा परिचालन प्रक्रियाः**

आयोजना क्षेत्रमा बसोबास गरी कृषि, पशुपालन, स्वास्थ्य तथा पोषणका क्षेत्रमा संलग्न खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले सूचिकृत गरेका लाभग्राही, किशोरी, १००० दिने अवधी भित्रका आमाहरु र प्रजनन उमेरका महिलाहरुलाई समूहमा आवद्ध गरी परिचालन गर्नका लागि निम्न प्रक्रियाहरु अवलम्वन गरिने छ ।

**क) प्रारम्भिक समुह भेलाको तयारी**

- आयोजनाले सूचिकृत गरेका लाभग्राहि अन्तर्गतका हजार दिने अवधी भित्रका आमाहरु र अन्य १००० दिनका महिलाहरु र प्रजनन उमेरका महिलाहरुलाई भेला गरी अभिमुखिकरण कार्यक्रम गर्ने ।
- सरोकारवाला निकायहरु तथा संस्थाहरुली आवश्यकतानुसार आमन्त्रण गर्ने ।
- भेलामा छलफल एजेण्डा, मिति, समय र स्थान तय गर्ने ।
- भेला सञ्चालनका लागि सहभागी मध्य एकजनाले नेतृत्व गर्ने ।

**ख) आम भेला तथा छलफल संचालन**

- भेलामा समूह गठनको उद्देश्य र आवश्यकता बारे प्रष्ट गर्ने ।
- भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुझाऊदाहरु टिपोट गरी निर्णय पुस्तिका तयार गर्ने ।
- समूहमा सदस्य बन्ने व्यक्तिहरुको छनौट गरी नामावली तयार गर्ने ।

**ग) तदर्थ समिति गठन एवं बैठक सञ्चालन**

- ३ दखी ५ सदस्य तदर्थ समिति गठन गर्ने ।
- तदर्थ समितिमा निर्वाचित जनप्रतिनिधि, गन्यमान्य, पोषण तथा स्वास्थ्य र कृषि क्षेत्रको विषयमा जानकार व्यक्ति, समुह गठन प्रक्रिमा जानकार व्यक्तिहरु राख्ने ।
- तदर्थ समितिको बैठक सञ्चालन गरेर कार्यसमिति चयन गर्ने

**घ) प्रारम्भिक साधारण सभाको सञ्चालन र जिम्मेवारी**

- आवश्यकतानुसार ७ देखी ९ सदस्यीय कार्य समितिको गठन गर्ने समूहको बार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने ।
- बैंक खाता सञ्चालन सम्वन्धि निर्णय गर्ने ।
- समुह दर्ता सम्वन्धि निर्णय गर्ने ।
- PAN नं लिने सम्वन्धि निर्णय गर्ने ।
- आवश्यकता अनुसार अन्य महत्वपूर्ण विषयमा निर्णय गर्ने ।

**९. कार्य समितिको गठन :**

(१) पोषण समितिको कार्यसमितिमा एक ७ सदस्यिय देहाय बमोजिमको कार्य समिति रहने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) सचिव | १ जना |

(ग) कोषाध्यक्ष — १ जना
(घ) सदस्य — ४ जना

(२) उप समितिको गठन गर्न सकिने :

(क) समूहले निश्चीत व्यक्तीलाई संयोजक तोकेर ऋण उप समिति,आर्थिक उप समिति, प्राविधिक उप समिति लगायत आवश्यकता अनुसारका अन्य उप समितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(ख) कोषाध्यक्षको संयोजकत्वमा ऋण उप समिति गठन गर्नुपर्ने छ ।

**१०. पदाधिकारीको काम, कर्तब्य र अधिकार :** पोषण समूहको कार्य समितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार समूहको विधान बमोजिम हुनेछ ।

## परिच्छेद-४
## समूह विधान

**११. समूह विधान :**

(१) पोषण समूहको एक विधान हुनेछ ।

(२) समूहका विधान नेपालको पोषण नीतिसंग मेल खाने, नेपालको संविधान र प्रचलित नेपालको कानुनसंग नबाझिने हुनुपर्दछ ।

(३) पोषण समूहले उक्त विधानलाई साधारण सभाबाट बहुमतले पारित गराई सम्वन्धित निकायमा दर्ता गराउनु पर्नेछ ।

## परिच्छेद-५
## पोषण समुह दर्ता , पूनर्गठन तथा नविकरण

**१२. पोषण समुह दर्ता :**

(१) पोषण समूह गाउपालिकाको स्वास्थ्य शाखा वा गाउँपालिकाले जिम्मेवारी तोकिएको शाखामा दर्ता गर्नुपर्नेछ । साथै अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरी स्थायी लेखा नम्बर (PAN) लिनुपर्नेछ ।

(२) पोषण समूहले समूहको दर्ता गर्नको लागि समुहको विधान र अनुसूची-२ बमोजिमको ढाँचामा समूह बिवरण (पदाधिकारी सहित सबै सदस्यहरुको बिवरण) र समूह दर्ताको निवेदन सम्बन्ति इकाई /शाखामा पेश गर्नु पर्नेछ ।

(३.)समूह दर्ता गर्नको लागि कम्तमिा पोषण समूहको कार्यसमितिमा रहेको ७ सदस्यिय को नागरिकता अनिवार्य पेश गर्नु पर्नेछ ।

(४) सम्बन्धित शाखाले पोषण समुह दर्ताको लागि रु ५००।- राजश्र शुल्क लिनु पर्नेछ ।

(५) समूह दर्ताको निबेदन अनुसूची-२ अनुसार प्राप्त भएमा अनुसूची २ मा समूह विवरण को आवश्यक जाँचबुझ गरी सम्बन्धित इकाई/शाखाले अनुसूची ३ बमोजिमको ढाँचा मा पोषण समूह दर्ता प्रमाण-पत्र दिनेछ ।

(६) यसरी दर्ता गरिएको पोषण समूहको अवधि तीन बर्ष रहनेछ ।

(७) समूहमा सदस्य रहेको सदस्यहरुको बिवरण हेरफेर भएमा समूहले पुन तयार गरि नियमित रुपले सच्याउनु पर्नेछ ।

**१३. पोषण समूह पुनर्गठन :**

(१) विधानमा उल्लेख भए बमोजिम पोषण समूहले आफनो आबश्यकताको आधारमा समूह पुनर्गठन गर्न सक्नेछ ।

(२)पोषण समूहको साधारण सभा बर्षको एकपटक भाद्र मसान्त भित्र गरीसक्नु पर्नेछ।

(३)पोषण समूहले आफ़नो समुहको साधारण सभा/पुनर्गठन गरी सम्बन्धित शाखालाई जानकारी दिनु पर्नेछ ।

**१४. पोषण समूह नविकरण :**

(१) पोषण समूहले आफ़नो समुह दर्ता प्रमाण पत्रको तीन बर्ष अवधि पूरा भैसकेपछि नविकरण गर्नु पर्नेछ ।

(२) पोषण समूह नविकरणको लागि समूहले प्राप्त गरेको पोषण समूह दर्ता प्रमाण पत्र सहितको निवेदन सम्बन्धित इकाई/शाखामा म्याद सकिएको ३५ दिन भित्र पेश गर्नु पर्नेछ ।

(३) नविकरणको लागि रु **२००।-**राजश्व शुल्क लिइ नविकरण गर्न सकिनेछ ।

(४) म्याद सकिएको ३६ औ दिन देखि एक बर्ष सम्म थप १०% राजश्व शुल्क लिइ नविकरण गर्न सकिनेछ ।

(५) एक वर्षसम्म पनि नविकरण नगरेको खण्डमा प्रति बर्ष रु **३००।(**को दरले नविकरण शुल्क थप हुँदै जानेछ ।

## परिच्छेद-६

## समूह श्रोत/ हितकोष संकलन तथा परिचाल

**१५. श्रोत हितकोष परिचालन :**

(१) समूहमा सँकलन भएको रकम नजिकको बैकमा खाता खोली समूह अध्यक्ष वा सचिव र कोषाधयक्षको सँयूक्त दस्तखतबाट सो खाताको संचालन गर्नु पर्नेछ ।

(२) समुहले गरेको कुल लगानीमध्ये कमतीमा ५० प्रतिशत लगानी स्वास्थ्य तथा पोषणको क्षेत्रमा गर्नुपर्नेछ ।

(३) ऋण प्रवाह गर्दा लागने ब्याज दर साधारण सभाले निर्धारण गर्नेछ ।

(४) पोषण समूहले उक्त समूहको सदस्य नरहेको व्यक्तिलाई लगानी गर्न पाउने छैन ।

(५) पोषण समूहको सदसयबाट अनुसूची ५ बमोजिम ऋण माग भएमा अनुसूची ६ बमोजिम तमशुक बनाई समुहले ऋण उपलब्ध गराउन सक्नेछ ।

(६) पोषण समूहले अनुसूची ९ बमोजिम मासिक हितकोष सँकलन, विवरण , अनुसूची ९ बमोजिम समूहको लगानी विवरण र अनुसूची १० बमोजिम समुहको ऋण असुली विवरण अध्यावधिक गर्नुपर्नेछ ।

## परिच्छेद-७

## समूहमा लेखा ब्यवस्थापन

**१६. समूहमा लेखा ब्यवस्थापन** : समूह संचालनको निम्ति आर्थिक तथा ब्यवसायिकक कारोबारमा चारवटा खाताहरु (सम्पति खाता, सामान बिक्रि तथा आम्दानी खाता, सामान खरिद तथा खर्च खाता र दायित्व खाता) राखेर सरल तरिकाले लेखा ब्यवस्थापन गर्नुछ ।

(क) सम्पति (नगद तथा जिन्सी) खाता : सम्पति खातामा पोषण समूहहरुलको स्वामित्वमा रहेको धनमाल , जायजेथा , सम्पति लगायत लगानी रकम , नगद , तथा बैक मौज्दात, लगानी , ऋण दिएको रकम , अरुबाट पाउनु पर्ने हिसाब , मेशिन , फर्निचर , घर जग्गा , सवारी साधन आदि समाबेश गर्नु पर्ने छ र समूहको सम्पति बृदि हुँदा डेबिट घटदा क्रेडिटमा समाबेश गर्नु पर्नेछ ।

**(ख) सामान बिक्री तथा आम्दानी खाता :** यस खातामा पोषण समूहहरुको सरसामान  र सेवा बिक्रिबाट  प्राप्त रकम लगायत लगानी तथा ऋणबाट प्राप्त ब्याज आमदानी , ब्याज छुट सुविधा , साघ सँस्थामा प्राप्त अनुदान , सदसयता वा प्रदेश शुल्क , स्थिर सम्पति भाडामा दिए बापत प्राप्त रकम , हर्जना बापत प्रात रकम आदि आम्दानी समावेश गर्नु पर्नेछ ।

**(ग) सामान खरिद तथा खर्च खाता :** यस खातामा पोषण समूहहरुले खरिद गर्ने सरसामान र सो को ढुवानीमा लाग्ने ज्याला तथा खर्च लगायत कार्यालय संचालन खर्चहरु तलब, भत्ता , मर्मत , घर भाडा  धारापानी , बिजुली, ब्याज खर्च , ह्रासकट्टी रकम, बैक भत्ता, विविध आदि खर्चहरु समावेश गर्नु पर्नेछ ।

**(घ)  दायित्व खाता :** पोषण समूहहरुले अरुलाई बुझाउनु पर्ने सबै प्रकारको हिसाब रकम यस खातामा चढाउनु पर्दछ । यसमा सदस्यहरुको शेयर पूँजि बचत रकम , डिपोजिट रकम , धरौटि रकम, ऋण रकम, कसैलाई भुत्तानि दिनु पर्ने हिसाब लगायतका  अन्य दायित्वहरु समावेश गर्नु पर्नेछ ।

(ङ) खर्च (डेविट) , आम्दानी , (क्रेडिट) र शेष (मौज्दात) गरी तीनवटा महलहरु समावेश गर्नु गर्नुपर्नेछ ।

(च) अनुसूची ११, १२ ,१३ र १४ बमोजिम क्रमश : सम्पति (नगद तथा जिन्सी) खाता, आम्दानी खाता , खर्च खाता र दायित्व खाता बनाउनु पर्नेछ ।

(६) पोषण समूहले आवश्यककता अनुसार अन्य सहायक खाताहरु प्योग गर्न सक्नेछ ।

## परिच्छेद-८

## समूह संचालन /परिचालन

**१७. समूह संचालन /परिचालन :**

(१) समूहको  समस्या एवं आवश्यकताको पहिचान तथा प्राथामिकता सम्बन्धित आर्थिक विकास शाखा/स्वास्थ्य हेर्ने शाखा/इकाईको परिधि एवं क्षमता भन्दा भित्र र बाहिर रहेका समस्याहरुको समाधान गर्न उपलब्ध श्रोत , साधन , समूह सदस्यहरुको क्षमता एवं प्रविधिहरुको आधारमा प्राथमिकता तोकि सरल एवं कम खर्चीलो तवरले समाधान खोज्नु पर्नेछ ।

(२) नियमहरुका विकास: आफ्नो  पदाधिकारीहरुको चयन विधि र तिनको कार्य अवधि समावेश गरी आफ्नो  उदेश्यहरु पुरा गर्न हरेक समुहले आफ्नो नियमहरु  बनाउनु पर्नेछ ।

(३) आयमूलक क्रियाकलापहरु : सबै समूह सदस्यहरुले , व्यक्तिगत एवं समूहगत रुपमा समेत उनीहरुसित उपलब्ध श्रोत र साधन अनुसार आफनो इच्छानुकूल एउटा वा त्यो भन्दा बढि आयमूलक कृयाकलापको थालनी गर्नु पर्नेछ ।

(४) पुरस्कारको व्यवस्था : प्रत्येक बर्ष सहमतिका आधारमा छानिएको सबै राम्रो काम गर्ने सदस्यलाई समावेशिकाको आधारमा आफ्नै श्रोत, हितकोषबाट पुरस्कार दिने व्यवस्था मिलाउन सक्नेछ ।

(५) सामाजिक सेवा तथा आयमूलक कार्यमा सहयोग आदान प्रदान गर्न सकिने विभिन्न सरोकारवाला निकाय वा व्यक्तिहरुबाट सामाजिक सेवा तथा आयमूलक कार्यका लागि सहयोग माग वा आवश्यकता महशुस भएमा एक अर्का सित नबाझिने गरी आवश्यकता अनुसार सामाजिक गतिविधि तथा आयमूलक कार्यहरुमा एक आपसमा सहयोग आदानप्रदान गर्न सकिनेछ ।

(६) समूह सदस्यहरुका लागि सिप तथा क्षमता विकास :

(क) तालिम मार्फत समूह सदस्यहरुको आत्मा विश्वास वढाउनुको साथै उनीहरुमा सिप तथा क्षमता विकास र इच्छाको अभिबृद्रि गर्नेभएकोले प्रभावकारी, कुशल एवं दिगो रुपमा समूहलाई गतिशिल बनाई समूहको उदेश्य हासिल गर्न समूह सदस्य र पदाकारीहरुलाई सम्वन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी समयसापेक्ष र व्यवहारिक तालिमको लागि पहल गर्नुपर्नेछ ।

(ख) सहकार्य गर्न नसकेको अवश्थामा कृषक समूहले स्वयम आफै व्यवस्थापन गर्नुपर्नेछ ।

(७) सुपरिवेक्षण ,अनुगमन र मूल्यांकन : प्रत्येक बर्ष समूहले संञ्चालन गरेको विभिन्न क्रियाकलापहरुको अनुगमन, सुपरिवेक्षण र मूल्यांकन गर्न एक वटा तीन सदस्यीय उप समिति बनाउन सक्नेछ ।

## परिच्छेद- ९

## समूहमा मतभेद ब्यवस्थापन

**१८. मतभेद व्यवस्थापनको प्रक्रिया :**

(१) समूह परिचालनको सम्बन्धमा उब्जिएका हरेक मतभेदहरुको निरुपण सम्बन्धित वडा हेर्ने स्वास्थ्य सँस्थाको कर्मचारीले गर्नेछन ।

(२) वडा स्तरमा गरेको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित स्थानीय तहको आर्थिक विकास शाखा स्वास्थ्य क्षेत्र हेर्ने शाखा इकाईमा पुनरावेदन गर्न सक्नेछ ।

(३) उक्त शाखा इकाईले गरेको निरुपणसँग असहमत हुने पक्षले सम्बन्धित सथानीय तहको उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिम गठित ३ सदस्यीय मतभेद ब्यवस्थापन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष | -संयोजक |
| (ख) प्रतिनिधि स्वास्थ्य शाखा | -सदस्य |
| (ग) आर्थिक विकास शाखा प्रमुख प्रविधिक | -सदस्य सचिव |

(४) पोषण समूहमा भएको मतभेदको निरुपण प्रचलित कानुन बमोजिम हूनेछ ।

## परिच्छेद-१०

## पोषण **समूहमा योजना तर्जुमा र श्रोत साधनको विकास**

**१९. योजना तर्जुमा प्रक्रिया :**

(१) पोषण समूहले पोषण कार्यक्रमको योजना तर्जुमा प्रक्रियालाई देहायका आधारमा आयोजना निर्माण गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

(क) आयोजनाको नाम ,

(ख) पृष्ठभूमि : आयोजनाको आधारभुत तथ्यांक , संभावना , अवसर र चुनौति

(ग) आयोजनाको उदेश्य ,

(घ) आयोजनाको प्रतिफल ,

(ङ) आयोजना संञ्चालन गरिने क्षेत्र

(च) आयोजनाको अवधि ,

(छ) आयोजनाको कृयाकलापहरु ,

(ज) लाभान्वित परिवार संख्या : प्रत्यक्ष तथा अप्रत्यक्ष , न्यून आय वर्ग , दलित , जनजाति आदि,

(झ) आवश्यक कारक तत्व हरु

(ञ) आर्थिक सारांश ,

(ट) आयोजनाको किसिम : समूहको आफ्नै लगानी , साझेदारीमा संचालित

(ठ) आयोजना कार्यन्वयन व्यवस्थापन , अनुगमन मूल्याङ्न प्रकृया

(ड) आयोजनाको दीगोपनाको लागि गरिने कार्य विवरण

(ढ) आयोजनाबाट हुने वातावरणीय प्रभाव ।

(२) पोषण समूहले बार्षिक कार्य योजना तयार गर्नुपर्नेछ ।

**२०. स्थानिय श्रोत साधनको विकास र संञ्चालन** : समूहले बाह्य निर्भरताका साथै उत्पादनको प्रति इकाई खर्च पनि घटाउनका लागि समूहले स्थानिय श्रोत , साधनको विकास र संचालनमा उचित ध्यान दिनू पर्नेछ ।

## परिच्छेद- ११

## सरोकारवाला निकायको भूमिका एवं उत्तरदायित्व

**२१. स्थानिय तह अन्तर्गत स्वास्थ्य शाखा/इकाई :** पोषण समूह गठन तथा व्यवस्थापनमा स्थानीय तह अन्तर्गत स्वास्थ्य हेर्ने शाखा/इकाईका प्रमूख तथा स्वास्थ्य प्राविधिकको देहायको भूमिका र उत्तरदायित्व हुनेछ ।

(क) स्थानिय तह अन्तर्गत स्वास्थ्य इकाईका प्रमूख तथा स्वास्थ्य प्रविधिकले पोषण समूहको कृयाकलाप, कार्यक्रम तथा श्रोत साधनबारे जानकारी लिनुपर्ने,

(ख) वडा कार्यलय मातहत कार्य गर्ने सबै प्राविधिक कर्मचारीहरुको सम्पूर्ण कार्यको अध्यावधिक रेकर्ड राख्नुपर्ने,

(ग) पोषण समूहको हालको संख्या, तिनको विकासको  विभिन्न तह (गठन हुन लागेको, संञ्चालित हुन लागेको तथा परिपक्व हुन लागेको) को आंकडा स्वास्थ्य चौकीको रेकर्ड बाट परिमार्जन गर्नुपर्ने,

(घ) विषय विशेषज्ञ सहितको टोलि गठन गरि समुह बैठकमा भाग लिने, समूह सदस्यहरुको तालिम संञ्चालन गर्ने र समूह सदस्यहरुले संञ्चालन गरेको कार्यक्रमहरुको सुपरिवेक्षण एवं अनुगमन गर्ने कामको कार्यतालिका बनाई सोही अनुसार परिचालन गर्ने गर्नुपर्ने,

(ङ) समूहका सदस्यहरुलाई समस्या पहिचान गर्न र तिनको समाधान गर्न सहयोग पुर्याउने तथा फिल्डमा कार्यरत लाई समेत तालिम दिनु पर्ने

(च) पोषण समूहहरुको अपेक्षा र माग समय सापेक्ष सेवा प्रदान गर्न सक्ने खालको हुनु पर्ने र सो अनुसार योजना तथा बजेट तर्जुमा गर्न पहल गर्नुपर्ने भूमिका हुनुपर्नेछ।

(छ) आफ्नो कार्यक्षेत्रको विध्यमान पोषण अवस्थाको आधारभूत आँकडाहरु संकलन गर्ने

(ज) पोषण समूहहरुलाई उनीहरुको समस्या पहिचान गर्न , आफ्नो क्षमता ,चाहना र श्रोत अनुसार तिनको समाधान गर्न सघाउँदा पथप्रदर्शक , तालिमकर्ता, गति प्रदान गर्ने , समन्वयकर्ता तथा कार्यक्रम कायान्वयनको रुपमा काम गर्ने ।

(झ) समूहको कृयाकलाप र प्रगति अध्यावधिक अभिलेख एउटा फारम मा उल्लेख गरी राख्नु पर्ने,

(ञ) समूहमा महिलाहरुको समस्या पहिचान , प्राथमिकिकरण एवं समस्या समाधानका लागि   सहयोग गर्नुपर्ने,

(ट) गतिशील समूहहरुलाई आफ्ना मौसमी एवं बार्षिक कार्यक्रम कार्यान्वन तालिका बनाउन उनीहरुले सहयोग गर्नु पर्ने

(ठ) उनीहरुले समूहहरुलाई चाहिने सामग्रीहरु , ऋण र प्राविधिक सेवा तथा सहयोगको सूची तयार पार्न मद्दत गर्नु पर्ने

(ड) पोषण समूह विवरण अनुसूची- ७ अध्यावधिक गर्दै जानु पर्ने

(ढ) समूहको निर्णय एवं कार्यहरु संकलन गर्न प्रतिवेदन फारामहरु भर्नु पर्नेछ ।

## परिच्छेद-१२

## सुपरिवेक्षण, अनुगमन एवं मूल्याङकन

२२. **सुपरिवेक्षण, अनुगमन एवं मूल्यांकन :** नेपाल सरकार , स्वास्थ्य तथा जनसंख्या मन्त्रालय , स्वास्थ्य सेवा विभाग र ती मातहतका निकायहरु तथा प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय एवं तो मातहतका निकाय र स्थानिय तहको सम्बन्धित निकायले पोषण समूहको सुपरिवेक्षण ,अनुगमन एवं मूल्यांकन जुनसुकै समयमा गर्न सक्नेछ ।

## परिच्छेद १३

**विविध**

**२३. प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) पोषण समूहले अनुसूची २ र ३ सहित आफूले गरेको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित वडा हेर्ने स्वास्थ्य सँस्था र वडा कार्यालयमा प्रतिवेदन अवधि समाप्त भएको मितिले एक हप्ता भित्र उपलब्ध गराउनु पर्नेछ ।

(२) प्रगति प्रतिवेदन सम्बन्धित स्वास्थ्य सँस्थाले १५ दिन भित्र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(३) पोषण समुहलाई अन्य कुनै निकायबाट प्रविधिक तथा अन्य सहयोग प्राप्त भएको अवस्थामा उक्त सहयोगी निकायलाई स्थानीय तहले आवश्यक प्रगति विवरण तोकिएको समयमा पठाउनुपर्नेछ ।

**२४. सम्बन्ध र समन्वय :** स्वास्थ्य तथा पोषण क्षेत्रसंग सम्बन्धित सरोकारवाला महिला, समुह, व्यवसायी , व्यक्ति र निकायहरुबिच आपसी सम्वन्ध र समन्वय राखि पोषण विकासमा गतिशील एवं सकारात्मक सहयोग पुर्याउन देहायका निर्णायक एवं अहं भूमिका खेल्नू पर्नेछ :-

(क) पोषण समुह गठन तथा व्यवस्थापनका लागि पोषण विकासको सम्पुर्ण जिम्मेवारी स्थानीय तहको आर्थिक विकास शाखा, स्वास्थ्य क्षेत्र हेर्ने इकाई शाखा एवं यस अन्तर्गतकार्यरत पदाधिकारीहरुसँग समन्वय गर्ने

(ख) सम्बनिधत इकाई शाखाले पोषण समूहका सदस्यलाई आवश्यक पर्ने विभिन्न सामाग्री उपलब्ध गराउन पहल गर्नुपर्ने ,निकायहरु र साथै सरोकारवाला अन्य संस्थाहरुसँग सम्पर्क स्थापित गर्ने

(ग) पोषण समूहले उत्पादन गरेका पोषण संग सम्बन्धित विभिन्न सामाग्री विक्रिवितरणका लागि प्रसोधनकर्ता ब्यवसायीसँग नियमित सम्वन्ध कायम गरी बजार ब्यवस्था मिलाउने

(घ) स्थानीय राजनितिज्ञ तथा निर्वाचित जनप्रतिनिधिहरुसँग राम्रो सम्बन्ध र समन्वय राखी पोषण समुहले माग र संभावना अनुसार सथानिय तहको श्रोतबाट योजना तथा बजेट तजुमा गर्न पहल गर्ने

(ड) पोषण समूहलाई आवश्यक श्रोत, सामग्री र प्राविधिक सहयोग प्राप्त गर्न जि. स. स., प्रदेश सरकारका निकाय, केन्द्रीय सरकारका निकाय तथा स्थानिय राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग आवश्यकता अनुसार सम्पर्क राख्ने ।

(च) यसको अलावा कार्यक्षेत्रमा रहेका बुद्दिजिवि , समबन्धित सरकारी कार्यालय , स्थानीय निकायका पदाधिकारी, शिक्षक, ब्यापारी ब्यवसायी एवं सहकारी संस्थाका सदस्यहरुसँग आवशयकता अनुसार सम्बन्ध र समन्वय राख्ने ।

**२५ समूह गठनको लागि खर्च सम्बन्धमा** : नयाँ पोषण समूह गठनको लागि आवश्यक पर्ने खर्च स्थानिय दररेट अनुसार समूह गठन गर्ने निकायले गर्नेछ भने, समूहको अन्य खर्च जस्ता नियमित बैठक, साधारण सभा आदि लगायतमा लाग्ने खर्चहरुको आफ्नो श्रोतबाट व्यहोर्नु पर्नेछ ।

**२६. पोषण समुहको आबद्दता:** पोषण ज्ञान तथा सिपको माध्यमद्धारा पोषण क्षेत्रमा योगदान पुर्याउने उद्देश्यले सम्बन्धित सरकारी कार्यालयमा दर्ता भएका अन्य कृषक समूहहरु एवं कृषि सहकारीहरु सम्बन्धित स्थानिय, जिल्ला , प्रादेशिक र संघीय तहमा रहेका स्वास्थ्य आमा समूह सन्जालमा आबद्द हुन सक्नेछ ।

**२७. पोषण समुहको सहकारीकरण :** पोषण समुहलाई बढी सक्रिय , प्रभावकारी , दिगो र उन्नतीमा झनै योगदान गर्न सक्ने बनाउनको निम्ति सो क्षेत्रमा केही कार्य अनुभव भएको समूहले चाहेमा सहकारीमा परिणत गर्न सकिनेछ ।

(२) पोषण समूहलाई कृषि सहकारी संस्थामा परिणत गर्दा देहायका आधार पूरा भएका संस्थालाई सहकारीमा परिणत गर्न सकिनेछ ।

(क) पोषण समूहको रुपमा ३ बर्षको अनुभव भयको,

(ख) पर्याप्त बचत संकलन एवं संञ्चालन भएको,

(ग) बयवसायिक क्रियाकलापहरु संञ्चालन गर्न सक्षम भएको,

(घ) सहकारी ऐन अनुसार तोकिएको मापदण्ड पुरा भएको,

(३) समूहको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति उक्त समूह भंग भएर बनेको सहकारी दर्ता भएपछि सो सहकारीको नाममा सवत : हुनेछ ।

**२८. अमान्य हुने :** माथि जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको प्रचलित मूल कानुनसँग बाझिने यस्ता दफाहरु बाझिएका हदसम्म अमान्य हुनेछन् ।

## अनुसुचीहरु

## (अनुसुची १)

**पोषण समुह दर्ता फाराम**

| |
|---|
| प्रदेश :<br>जिल्ला : |
| १ दर्ता नं : |
| २ समुहको नाम : |
| ३ समूहको किसिम : |
| ४ समुहको ठेगाना : |

आर्थिक बर्ष

**फारम नं. १**

**आर्थिक बर्षको अन्तमा सदस्य संख्याको स्थिती**

| आर्थिक बर्ष | सदस्य संख्या मा थप वा घट र जम्मा बचत कोष | सदस्यद्वारा जम्मा भएको कोषको मौजुदा स्थिति | घट वा बढको कारण ( कोलम बढीको लागी + र घटीको लागी - चिन्ह लगाऔं |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | संख्या | | |
| | रु. | | |
| | संख्या | | |
| | रु. | | |
| | संख्या | | |
| | रु. | | |

## फारम नं. २

## समूहको बचत कोषको बार्षिक स्थिति

| आर्थिक बर्ष | गत बर्षको रकम | बचत कोषमा घट वा बढको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| नोटः यो बिवरण (फारम) आ.व. को पहिलो दिन (श्रावण १ गते) सम्बन्धित कृषि शाखा वा स्वास्थ्य शाखा वा प्रशासन शाखा वा गाउपालिकाले जिम्मेवारी तोकिएको शाखा द्वारा अनिवार्य रुपमा अद्यावधिक बनाई राख्नुपर्दछ । | | |

## फारम नं. ३

## कृषि/वडा कार्यालयले पेश गर्नुपर्ने चौमासिक बिवरण

चौमासिक अवधि : प्रथम, द्वितिय, तृतिय आ.व.:

गाउँपालिका : वडा नं.

पोषण समूहको नाम :

समुहको लगानी :

कार्य बिवरण :

सहभागी सदस्यहरुको संख्या :

प्राप्त सहायता रु.

श्रोत १ (..........................................................................) बाट

श्रोत २ (..........................................................................) बाट

खुद आम्दानी (कूल आम्दानी - लागत खर्च) रु.

कैफियत :

**अनुसुची (२)**

समूह दर्ताको लागि निवेदन

श्री नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, सिरहा
मार्फत, श्री वडा कार्यालय
..........नं. वडा ।

श्री.............................शाखा र संस्थाको सहयोगमा र हामी आफै संगठित भई .....................गाउँ पालिकामा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी कार्य समिती मा रहेको पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपी सहित यो निवेदन गरिएको छ ।

.......................................

समूहको अध्यक्षको दस्तखत :

मिति :-

**समूहको विवरण**

पोषण समूह को नाम.................................................

स्थापना वर्ष..........................

गाउँपालिकाको नाम.....................................

वडा नं............टोल...................................

समूहको उद्देश्य.......................................................................................................................
...................................................

सदस्य संख्या : पूरुष.....................महिला..................जम्मा.......................

## अनुसूची-३

पोषण समूह दर्ता प्रमाण-पत्र

पिपरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

............................................... महोत्तरी

पोषण समूह दर्ता प्रमाण-पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि/ पोषण प्रसार कार्यलाई टेवा पुरयाउने उदेश्यले यस जिल्लाको पिपरा गाउँपालिका वडा नं. ...... मा मिति ........... मा गते श्री ..........................................पोषण समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण -पत्र प्रदान गरिएको छ ।

............................

प्रमुख प्रशासकीय अधिकृत

**(**पोषण **समूह दर्ता** प्रमाण -पत्र**को पछाडि पाना राख्ने**)

| क.स. | नविरकरण मिति | | नविरकन गर्ने कार्यालय प्रमुख | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्मा | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

**अनुसूची-४**

**सदस्यताको लागि आवेदन फारामको नमुना**

श्रीमान् अध्यक्ष ज्यू,

................................................... पोषण समूह

विषय :- सदस्यताको लागि आवेदन सम्वन्धमा ।

महोदय,

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्न इच्छुक भएकाले नियमानुसार सदस्यता प्रदान गर्नु हुन विनम्र अनुरोध गर्दछु

विवरण

नाम :-

बाबुको नाम :-

ठेगाना :-

शैक्षिक योग्यता :-

समूहको सदस्यको सिफारिस :-

१. नाम :-

दस्तखत :-

२. नाम :-

दस्तखत :-

निवेदक

नाम :-

दस्तखत :

अनुसूची-५
ऋण माग फारामको नमूना

श्रीमान् अध्यक्ष ज्यू,
.................................................................. पोषण समूह

विषय :- ऋण उपलब्ध गराई दिने सम्बन्धमा ।

महोदय,
उपरोक्त सम्बन्धमा मलाई .......................................कामको लागि आवश्यकता परेकाले रु....................(अक्षरेपी..................मात्र) समूह हितकोषबाट ऋण उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु ।साथै यसै निवेदनको साथ जमानी सदस्यहरुको सिफारिस पेश गरेको छु । नियमानुसार रु.....................(अक्षरेपी................................मात्र) ऋण किस्ता, मासिक व्याज, मासिक बचत नियमित रुपले प्रत्येक महिना बुझाउने छु ।

निवेदक
नाम :-
ठेगाना
दस्तखत :-

जमानी सदस्यहरु
१.नाम :
दस्तखत :-
ठेगाना :-
२.नाम :-
दस्तखत :-
ठेगाना :-

कार्यालय प्रयोजनको लागि
ऋण रु. ...................................................... (अक्षरेपी रु.......................................
.......................................................................................मात्र) मासिक किस्ता रु.
...............................................(अक्षरेपी रु.
...................................................................................................मात्र)
उपलब्ध भएको मिति :-
उपलब्ध भएको चेक नं. :-

**कोषाध्यक्ष** **सचिव** **अध्यक्ष**

## अनुसूची-६
## तमसुकको नमुना

लिखितम् जिल्ला**............**गाउँपालिका**...........**वडा नं. .........बस्ने ....................को नाती /नातीनी/बुहारी/छोरी .............................को **छोरा/छोरी/श्रीमती** वर्ष...........को .................................................श्री कृषक समूह..........................................बाट निर्धारण गरिएको व्याज दर अन्य शर्त (नियम) का अधिनमा रही घर खर्च/कृषि /पोषण आयोजना..........................................कार्य गर्नका निमित्त सापटी (ऋण ) नगद रु. .................( अक्षरेपी रु. .........................................मात्र) यस समूहको ..........................बैंक, शाखा कार्यालय........................ स्थित रहेको बचतरचल्ती खाता..................................चेक नं. .................................बाट बुझिलिई भाखा राखी तपशिलमा लेखिएको व्यक्ति (साक्षी) हरुको रोहवरमा यस समूहको कार्यालयबाट बुझिलिई ठिक साँचो हो माथि कबुलियत गरिएको भाखाभित्र साँवा व्याज तिर्न बुझाउन सकिन भने मेरो चल अचल सम्पत्तिबाट नेपालको प्रचलित ऐन कानून बमोजिम असुल उपर गरी लिएमा मेरो मन्जुरी छ। तपशिलका साक्षी किनारा सदर ।

**तपशिल :**

जिल्ला**............**गाउँपालिका**...........**वडा नं. ............बस्ने............................को नाती/नातीनी/बुहारी/ छोरी .....................................को छोरा/छोरी/श्रीमती वर्ष ..........को .....................................

महोत्तरी जिल्ला**............**गाउँपालिका**...........**वडा नं. ............बस्ने............................को नाती/नातीनी/बुहारी/ छोरी .....................................को छोरा/छोरी/श्रीमती वर्ष ..........को .....................................

ईति सम्वत् २०........साल...................महिना........................गते रोज.....................शुभम् ।

## अनुसूची-७

## समूह कार्य समितिका पदाधिकारीहरुका र साधारण सदस्यको विवरण फाराम

समूहमा सदस्य रहेको सबै सदस्यहरुको विवरण सम्बन्धित सदस्यलाई नै सोधेर लेख्नु पर्दछ .

विवरण हेरफेर भएपछि पुनः तयार गरी नियमित रुपले सच्याउनु पर्दछ.

समूहको नाम :-

**समुहको कार्य समितिका पदाधिकारीहरुको विवरण**

| क्र. सं. | नाम | पद | लिंग | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल/ धुर/कट्ठा /बिगहा | परिवार संख्या | फोन न | हस्ताक्षर | फोटो |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | | | | | | | | |
| | | उपाध्यक्ष | | | | | | | | |
| | | कोषाध्यक्ष | | | | | | | | |
| | | सचिव | | | | | | | | |
| | | सदस्य | | | | | | | | |
| | | सदस्य | | | | | | | | |
| | | सदस्य | | | | | | | | |

नोटः– कार्य समितिका पदाधिकारी हरूको नागरिकता को प्रतिलिपी राख्नुपर्दछ ।

**कार्य समितिका पदाधिकारी बाहेकका साधारण सदस्यहरुको विवरण**

| क्र.सं. | नाम | पद | लिंग | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल/ धुर/कट्ठा/बिगहा | परिवार संख्या | फोन नं | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |

| क्र.सं. | नाम | पद | लिंग | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल/ धुर/कठ्ठा/बिगहा | परिवार संख्या | फोन नं | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |
| | | सदस्य | | | | | | | |

नियमित बैठक बस्ने दिन ...............................

प्रति महिना समूहको हितकोषमा संकलन हुने रु.................................

हालसम्म हितकोषमा जम्मा रकम रु. ..............................................

सिफारिस गर्नेको सही ..................................................

## अनुसूची-८
## मासिक हितकोष सङ्कलन फाराम

**समूहको नाम :**
**साल**

| क.स. | नाम, थर | मासिक जम्मा रकम रु. | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |

## अनुसूची-९
## समूहको लगानी विवरण

**समूहको नाम :**

| **क.सं.** | **लिने व्यक्तिको नाम** | **ठेगाना** | **उद्देश्य** | **रकम** | **लिएको मिति** | **रकम बुझाउन पर्ने मिति** | **लिनेको सही** |
|---|---|---|---|---|---|---|---|
| **१** | | | | | | | |
| **२** | | | | | | | |
| **३** | | | | | | | |
| **४** | | | | | | | |

## अनुसूची-१०
## समूहको ऋण असुली फाराम

**समूहको नाम :**

| क.सं. | नाम, थर | ठेगाना | साँवा रु. | व्याज रु. | जम्मा | बुझ्नेको नाम | बुझेको मिति | रकम बुझ्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

## अनुसूची-११
## सम्पत्ति (नगद तथा जिन्सी) खाता)

२०.........साल...................महिना

| मिति | विवरण | जम्मा (रु.) | खर्च (रु.) | बाँकी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |

## अनुसूची-१२
## सामान विक्री तथा आम्दानी खाता

२०...........साल...............महिना

| मिति | विवरण | आम्दानी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | जम्मा | | |

## अनुसूची-१३
## सामान खरिद तथा खर्च खाता

२०............साल...............महिना

| मिति | विवरण | आम्दानी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | जम्मा | | |

## अनुसूची-१४
## दायित्व खाता

**२०.............साल..................महिना**

| मिति | विवरण | आम्दानी | खर्च | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

## अनुसूची-१५
## पोषण समूहबाट सञ्चालन गरिने वार्षिक कार्यक्रमको लागि नमूना जाँच

**समूह/संस्थाका नाम :**

आर्थिक वर्ष :

समिति/उपसमिति :

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेटको श्रोत | | | | | | केफियत |

| क्र.सं. | आयोजनाको नाम | काम (लक्ष्य) | कार्यविवरण (के गर्ने) | समूहको हितकोष | कृषकको व्यक्तिगत | बाह्य श्रोत | समय | अवधि | स्थान (कहाँ गर्ने) | प्रमुख जिम्मेवारी | अनुगमन तथा मुल्याङ्कन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |